बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

## हाट बजार संचालन तथा ब्यबस्थापन सम्बन्धी बोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०।०८।१०

बुटवल उप महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका तपसिल वमोजिमका हाटवजारहरुको संचालन व्यवस्थापन कार्य आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुंदा तोकिएको शर्त, नियम तथा प्रावधान भित्र रही उक्त हाटवजारहरु संचालन तथा ब्यबस्थापन गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नविकरण भएका) रित पूर्वकको बोलपत्र विद्युतिय माध्यम (e-Bidding) बाट पेश गर्ने गरी सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**शर्त, नियम तथा प्रावधानहरु :-**

१) विद्युतीय (Electronicaly) बोलपत्र खरीद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु १०००/- (एक हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैंक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१) ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैंक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने PPMO को Website:http//www.bolpatra.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२) तपसिलमा तोकिए बमोजिमको मिति र समय सम्म वोलपत्रहरु (E-Submitted) दाखिला भईसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३०००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तिमा ९० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको क वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थावाट बैक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

५) ठेक्का सम्झौतापछिको बुझाउन बांकी किस्ता वरावरको रकम २०८२ भाद्र मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

६) वुटवल उप महानगरपालिकाले तोकेको क्षेत्र भन्दा वाहिर हाटवजार लगाउन पाइनेछैन । साथै तोकिएको क्षेत्र चौकिल्ला वाहेका स्थान तथा सडक पेटीमा कुनैपनि व्यवसायका लागि स्थान उपलव्ध गराउन पाइनेछैन ।

७) उल्लेखित हाटबजारहरुको बिजुली, पानी, शौचालय व्यवस्थापन तथा सरसफाईको व्यबस्था बोलपत्रदाताले नै गर्नुपर्नेछ ।

८) हाट बजारहरुको बैठकी दररेट लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको सम्पत्ति व्यवस्थापन/राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

९) नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१०) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| आय ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का अंक (सरकारी कर वाहेक) (२ आर्थिक वर्षका लागि) | वोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | वोलपत्रहरु (E-Submitted) दाखिला भईसक्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|
| ०३/०८०/०८१ | तामनगर, वडा नं. १२ मंगलवार लाग्ने हाटवजार संचालन /व्यवस्थापन | रु. ८०,०००.०० (असी हजार मात्र) | रु.१०००.०० | मिति २०८०।०८।२५ गते दिउंसो १२ बजे सम्म |
| ०४/०८०/०८१ | सेमलार नरैनापूर, वडा नं. १६, वुधवार लाग्ने हाटवजार संचालन /व्यवस्थापन | रु. ४०,०००.०० (चालिस हजार मात्र) | रु.१०००.०० | मिति २०८०।०८।२५ गते दिउंसो १२ बजे सम्म |

बुटवल उप महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय